# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, भदौ १७ गते २०४८ साल (संख्या २१


## भाग ३

श्री ५ को सरकार

### पर्यटन मन्त्रालयको सूचना

श्री ५ को सरकारले पदयात्रा तथा जलयात्रा नियमावली, २०४१ को नियम ४ ले दिएको अधिकार प्रयोग गरी २०४८ कात्तिक १ गतेदेखि लागू हुने गरी विदेशीहरूले भिसा अवधिभित्र गर्ने पदयात्राको अनुमति दस्तुर तथा प्रतिदिन सटही गर्नु पर्ने विदेशी मुद्रा देहायबमोजिम तोकेको छ।

१. डोल्पा र कञ्चनजंघा क्षेत्रको पदयात्रा अनुमति दस्तुर पहिलो चार हप्ताको लागि १० अमेरिकी डलर बराबरको नेपाली मुद्रा प्रति हप्ता र त्यसपछि प्रति हप्ता २० अमेरिकी डलर बराबरको नेपाली मुद्रा दस्तुर लाग्ने छ।

२. डोल्पा र कञ्चनजंघा क्षेत्र बाहेक अन्य क्षेत्रमा पहिलो चार हप्ताको लागि ५ अमेरिकी डलर बराबरको नेपाली मुद्रा प्रति हप्ता र त्यसपछि प्रति हप्ता १० अमेरिकी डलर बराबरको नेपाली मुद्रा अनुमति दस्तुर लाग्ने छ।

३. पर्वतारोहणमा जाने विदेशीहरूले पनि पदयात्रा अनुमति दस्तुर बुझाई पदयात्रा अनुमति लिनुपर्नेछ। तर पर्वतारोहणमा जाने अवधिलाई पर्यटक भिसाको अवधिमा गणना गरिने छैन।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. विदेश स्थित नेपाली नियोगबाट एक महिनाको वा प्रवेश स्थल स्थित अध्यागमन कार्यालयबाट १५ दिनको पर्यटक भिसा लिई आउने विदेशीहरूले सोही अवधि भित्र पदयात्रामा जानु परेमा प्रति दिन २० अमेरिकी डलर वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा बैङ्कमा सटही गरेको रसिद देखाउनु पर्नेछ। सो भन्दा पछाडिको अवधिको निम्ति बैङ्कमा सटही गरेको रसिद पदयात्रा अनुमतिको प्रयोजनको निमित्त मात्र देखाउन पर्ने छैन।

खण्ड ३७ मिति २०४४।३।१ संख्या ६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यस सम्बन्धी सूचना खारेज गरिएको छ।

आज्ञाले,
माधवराज भण्डारी
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ र ४ ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको अध्यक्ष तथा सदस्यहरू भएको "गुठी संस्थानमा भएको काम कारबाही सम्बन्धी जाँचबुझ आयोग" गठन गरी सो आयोगको काम, कर्तव्य, अधिकार र कार्यविधि देहायबमोजिम तोकेको छ।

आयोगको गठनविधिः

१. श्री बसन्तराम भण्डारी – अधिवक्ता — अध्यक्ष
२. श्री लक्ष्मीप्रसाद शर्मा दाहाल – उप-सचिव, लोक सेवा आयोग — सदस्य
३. श्री रामकृष्ण श्रेष्ठ – बालकुमारी, भक्तपुर — सदस्य-सचिव

आयोगको काम, कर्तव्य र अधिकारः

१. गुठी संस्थान र सो अन्तरगतका कार्यालयहरूमा गुठी जग्गा दर्ता, गुठी जग्गा रैतान नम्बरीमा परिवर्तन, कुत र मालपोत असुली, गुठी अधिनस्थ जग्गामा मोही कायम गरेको, गुठी जग्गा भिडाउने कार्य, देवदेवताको गरगहनाको लगत, आर्थिक क्रियाकलाप आदिको सम्बन्धलाई लिएर भए गरेका काम कारबाहीमा प्रशासनिक ढीलासुस्ती तथा अनियमितता के कस्तो भएको हो सोको छानबिन गर्ने र,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

204

२. गुठीहरूको आयस्ता, जग्गाको लगतको स्थिति, देवस्थलको धार्मिक कार्य, परम्परागत चलिआएको सामाजिक र सांस्कृतिक कार्यको सुचारू संचालनमा हालको विद्यमान अवस्थालाई अध्ययन गरी भविष्यमा गुठीको संचालन व्यवस्था एवं संगठनात्मक स्वरूप कस्तो गर्न उपयुक्त हुन्छ सो समेत उल्लेख गरी श्री ५ को सरकारलाई सुझाव दिने ।

आयोगको कार्यावधिः

आयोगले काम शुरू गरेको दिनदेखि ९० (नब्बे) दिनको हुनेछ ।

आज्ञाले,
विश्वमान श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## उद्योग मन्त्रालयको सूचना

श्री ५ को सरकारले औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा ६ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी फलफूल खेतीलाई सोही ऐनको दफा ६ को उपदफा (१) को खण्ड (ग) अनुसारको कृषिमा आधारित विशेष उद्योग भनी तोकेको छ ।

आज्ञाले,
नरसिंहनारायण सिंह
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२०२

मुद्रण विभाग, सिंहदरबार